नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुपन्देही

# प्रेस विज्ञप्ति

मिति २०८० कार्तिक १७ गते राति जाजरकोट केन्द्रबिन्दु भई गएको भूकम्पबाट मृत्यु हुने नागरिकहरु प्रति जिल्ला प्रशासन कार्यालय, रुपन्देही हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारमा गहिरो समवेदना र घाईतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ।

हालसम्म प्राप्त विवरण अनुसार जाजरकोट र रुकुम पश्चिम जिल्लामा जम्मा १५७ जनाको मृत्यु र ३७५ जना घाईते भएका छन्। घटनावाट नीजि आवासका साथै सरकारी संरचनाहरुमा समेत क्षति पुगेको छ। सामान्य घाईतेहरुको उपचार स्थानीय तथा जिल्ला अस्पतालहरुमा भईरहेको र गम्भीर घाईतेहरुलाई हवाई उद्दार गरी काठमाण्डौं, सुर्खेत तथा नेपालगञ्जमा उपचार भइरहेको छ।

घटना पछि जाजरकोट, रुकुम पश्चिम लगायतका जिल्लाहरुबाट उपचारार्थ घाईतेहरु यस जिल्लामा पनि आउन सक्ने सम्भावनालाई मध्येनजर गरी लुम्बिनी प्रादेशिक अस्पताल, बुटवललाई Dedicated अस्पतालका रुपमा तोकिएको छ। थप उपचारका लागि भिम अस्पताल, भैरहवा, युनिभर्सल कलेज अफ मेडिकल साईन्स एण्ड टिचिङ्ग हस्पिटल, भैरहवा र देवदह मेडिकल कलेजलाई तयारी अवस्थामा राखिएको छ। अस्पतालहरुमा रगतको कमी हुन नदिन ब्लड बैंक र सामाजिक संघ संस्थाहरुसँग समन्वय भैरहेको छ।

मिति २०८०/०७/१९ गते प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकको निर्णयवाट भूकम्प पिडितको राहतका लागि जिल्ला विपद् व्यवस्थापन समितिको पहल र समन्वयमा बुटवल उपमहानगरपालिका, सिद्धार्थनगर नगरपालिका र सियारी गाउपालिकाको समन्वयमा संकलन भएको २ ट्रक खाद्यन्न र लत्ताकपडा आजै जाजरकोट पठाइ सकिएको छ। क्रमश : थप राहत सामग्री पठाउने गरी प्रबन्ध मिलाईएको छ। समितिको वैठकले जिल्लाबाट संकलन हुने र पठाउने सहयोग एवं राहत एकद्धार प्रणालीवाट मात्र गर्ने सुनिश्चित गरिएको छ। गृह मन्त्रालयको प्रेस विज्ञप्ति तथा जिल्ला विपद् व्यवस्थापन समिति, रुपन्देहीको निर्णय समेतका आधारमा मानवीय संवेदनशीलतालाई मध्यनजर गरी सत्य तथ्य र आधिकारीक सूचना सम्प्रेषण गर्न, प्रदान गरिने राहत र सहयोग सम्बन्धित स्थानीय तहको अगुवाई र संयोजनमा मात्र संकलन गर्न, हाललाई राहत सामग्रीको रुपमा कम्मल (Blanket), म्याट्रेस र लत्ताकपडा खाद्यन्न (दाल, चामल, तेल, आलु, चिनी), ड्राईफुड (चिउरा, दालमोट, विस्कुट, चाउचाउ) संकलन गर्ने औपचारिक प्रणाली र संयन्त्रको व्यवस्था मिलाईएको छ। साथै राहतका नाममा कोही कसैले मनोमानी वा बेरितपूर्वक नगद एवं जिन्सी संकलन/परिचालन गरेको पाईएमा कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ।

मिति २०८०/०७/१९

2080/06/19

~~सहायक प्रमुख जिल्ला अधिकारी~~

सहायक प्रमुख जिल्ला अधिकारी

एवं

सूचना अधिकारी